खनियाबास गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

दार्खा,धादिङ

बागमती प्रदेश,नेपाल

## आ.व. २०८०/८१ को बजेट बक्तव्य

२०८० आसर १० गते आइतबार

सम्मानीत सभाका अध्यक्ष ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गाउँसभाका सदस्य ज्यूहरू,
कर्मचारी, सुरक्षाकर्मी एवं पत्रकार मित्रहरू ।

१. यस गरिमामय सभाको तेस्रो अधिबेसनमा गाउँपालिका उपाध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. यस महत्वपुर्ण अवसरमा मुलुकमा राष्ट्रिय एकता, सार्वभौमसत्ता, समानुपातिक समाबेशिता सहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यबस्था स्थापना गर्न भएका जनआन्दोलन, जनयुद्द, मधेश आन्दोलन लगायत बिभिन्न परिवर्तनकारी आन्दोलनहरूमा आफ्नो जीवनको आहुति गर्नुहुने सम्पुर्ण ज्ञात/अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्दान्जली अर्पण गर्दछु । साथै शहिद तथा बेपत्ता परिवारप्रति उच्च सम्मान व्यक्त गर्दै बिभिन्न आन्दोलनहरूमा घाइते तथा अपाङ्ता भएका व्यक्तिहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

३. नेपालको संबिधान र संघीयताले परिकल्पना गरेको व्यबस्थामा नागरिकको अवस्था बदल्नु आजको मुख्य आवस्यकता भएको कुरालाइ स्मरण गर्दै महत्वकांक्षी रूपमा बढ्दै गएको जनअपेक्षा तथा चाहनालाई प्राथमिकतामा राखि गाउँपालिका अध्यक्षबाट प्रस्तुत नीति तथा कार्यक्रमसंग तादम्यता हुने गरि यो वार्षिक बजेट तथा कार्यक्रम तयार पारेको छु ।

४. गाउँपालिकामा उपलब्ध सिमित साधन श्रोतले महत्वकाक्षी रूपमा बढ्दै गएको असिमित जनअपेक्षा तथा चाहनालाई सम्बोधन गर्नु आफैमा चुनौतिपुर्ण छ । तथापी गाउँबासीहरूको बर्तमान आवस्यकता र दीर्घकालिन सोचका साथ विज्ञ तथा सरोकारवालाहरूबाट प्राप्त सुझाबलाई मध्यनजर गरी दिगो बिकासको लक्ष्यं अनुरूप भूगोल सुहाउदो प्रकृतिका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकतामा राखि प्रस्तुत बजेट तयार पारेको छ ।

सभाध्यक्ष महोदय,

अव म चालु आर्थिक वर्ष २०७९/८० को हालसम्मको प्रगति विवरण संक्षिप्तमा प्रस्तुत गर्न चाहन्छु ।

५. चालु आ.व.२०७९/८० को लागि अ.ल्या भइ आउने बैंक मौज्दात तथा आन्तरिक आय समेत गरी कुल बजेट रू ४२ करोड ५७ लाख ६८ हजार संस्सोधित यथार्थ रहेकोमा हालसम्म भएको खर्चको बिबरण यसप्रकार रहेको छ ।

| बजेट | | हालसम्म भएको खर्च | खर्च प्रतिसत |
|---|---|---|---|
| चालु | २३ करोड २३ लाख ८० हजार | १७ करोड २९ लाख ८५ हजार | ७४.४४ |
| पुंजीगत | १९ करोड ३३ लाख ८८ हजार | १२ करोड ५८ लाख ३० हजार | ६५.०६ |
| जम्मा | ४२ करोड ५७ लाख ६८ हजार | २९ करोड ८८ लाख १५ हजार | ७०.१८ |

सभाध्यक्ष महोदय,

अव म आगामी आ.व. २०८०/८१ को अनुमानित बजेट प्रस्तुत गर्न चाहन्छु ।

६. गाउँपालिकाको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसका आधारमा आगामी आर्थिक वर्ष २०८०/८१ को लागि कुल बजेट ३९ करोड ७७ लाख ९६ हजार २ सय ८० रूपैया प्रस्ताव गरेको छु ।

**उल्लेखित बजेट प्राप्त हुने स्रोतमा :-**

संघीय सरकारतर्फ

- समानिकरण अनुदान - ८ करोड ९७ लाख
- सर्शत अनुदान - ११ करोड ९५ लाख
- विशेष अनुदान - १ करोड १५ लाख
- समपुरक अनुदान - २ करोड
- राजश्व बाँडफाँड - ६ करोड ७६ लाख ८५ हजार ६ सय

प्रदेश सरकारतर्फ

- समानिकरण अनुदान - ८७ लाख ६९ हजार
- सर्शत अनुदान - २ करोड ३९ लाख ४ हजार
- विशेष अनुदान - १ करोड
- समपुरक अनुदान - २ करोड
- राजश्व बाँडफाँड - १ करोड ५ लाख ४७ हजार ६ सय ८०

गाउँपालिकातर्फ

- अनुमानित आन्तरिक आय (मालपोत समेत) - ३५ लाख
- दहत्तर बहत्तर शुल्क -१२ लाख
- बैंक मौज्दात (अ.ल्या) - १ करोड ५० लाख

सभाध्यक्ष महोदय,

अब म आगामी आ.ब. २०८०/८१ को क्षेत्रगत बजेट विवरण प्रस्तुत गर्न चाहन्छु ।

**७. आर्थिक बिकास**

आर्थिक बिकास अन्तरगत कुल रकम रू १ करोड ७५ लाख प्रस्ताव गरेको छु, जसको क्षेत्रगत विनियोजन यसप्रकार रहेका छन् -

- कृषि बिकास तर्फ रू २५ लाख
- पशु बिकास तर्फ रू १५ लाख
- कृषि तथा पशु उद्दमशीलता बिकास परियोजना निरन्तरताका लागि रू ७० लाख
- सहकारी प्रबर्धन तर्फ रू ७ लाख
- पर्यटन प्रबर्धन तर्फ रू ८ लाख
- कृषकहरूलाई प्रोत्साहन स्वरूप कार्यबिधिमा आधारित व्याज अनुदान अक्षय कोष स्थापनाका लागि रू ३० लाख
- कृषकहरूलाई प्रोत्साहन स्वरूप कार्यबिधिमा आधारित उत्पादन बिक्रिमा अनुदानका लागि रू २० लाख

**८. सामाजिक बिकास**

सामाजिक बिकास अन्तरगत कुल रकम रू १ करोड ९० लाख प्रस्ताव गरेको छु, जसको क्षेत्रगत विनियोजन यसप्रकार रहेका छन् -

- शिक्षा,युवा तथा खेलकुद तर्फ रू १ करोड
- स्वास्थ्य तर्फ रू ३५ लाख
- सरसफाइ तथा स्वच्छता प्रबर्दन तर्फ रू १५ लाख

- संस्कृति प्रवर्दन तर्फ रू ५ लाख
- महिला बालबालिका तथा लक्षित समुह तर्फ रू १५ लाख
- रोजगारी सिर्जना तर्फ रू १३ लाख
- एम्बुलेन्स संचालन तर्फ रू ७ लाख

## ९. पूर्वाधार बिकास

पूर्वाधार बिकास अन्तरगत कुल रकम रू ८ करोड ५९ लाख २ हजार २ सय ८० रूपैया प्रस्ताव गरेको छु, जसको क्षेत्रगत विनियोजन यसप्रकार रहेका छन् -

- सम्पुरक अनुदान साझेदारी तर्फ रू ४ करोड
- कार्यालय व्यबस्थापन (फर्निचर,फिक्चर्स तथा अन्य) तर्फ रू ३० लाख
- अन्य पूर्वाधार निर्माण तर्फ रू १ करोड ९ लाख २ हजार २ सय ८०
- पर्थोदेखि निमल्च्यात सम्म पक्कि सडक निरन्तरता रू १ करोड
- गाउँ गौरबका आयोजनाका लागि रू २० लाख
- मर्मत सम्भार कोषका लागि रू २० लाख

## १०. वडागत बजेट सिलिङ

वडागत बजेट सिलिङ कुल रकम रू १ करोड ८० लाख रूपैया प्रस्ताव गरेको छु, जसको विनियोजन यसप्रकार रहेका छन्-

- वडा नं. १ देखि ४ सम्म दामासाही रूपमा प्रति वडा रू ३५ लाख
- वडा नं. ५ तर्फ रू ४० लाख

## ११. वातावरण तथा बिपद् व्यबस्थापन

वातावरण तथा बिपद् व्यबस्थापन अन्तरगत कुल रकम रू ३५ लाख प्रस्ताव गरेको छु, जसको क्षेत्रगत बिनियोजन यसप्रकार रहेका छन् -

- वन तथा भू-संरक्षण तर्फ रू १० लाख
- बिपद् व्यबस्थापन कोष निरन्तरताका लागि रू १३ लाख
- सामुदायिक बन व्यबस्थापन तर्फ रू ५ लाख
- खानेपानी सरसफाइ तथा स्वच्छताका (N-WASH Plan) तर्फ रू ७ लाख

**१२. सुशासन, संस्थागत बिकास तथा सेवा प्रबाह**

सुशासन, संस्थागत बिकास तथा सेवा प्रबाह अन्तरगत कुल रकम रू ७ करोड ५ लाख प्रस्ताव गरेको छु, जसको क्षेत्रगत विनियोजन यसप्रकार रहेका छन् -

- कार्यालय संचालन तथा कर्मचारी व्यबस्थापन तर्फ रू ५ करोड ७० लाख
- शुशासन तथा संस्थागत बिकास तर्फ रू ५० लाख
- सवारी साधन खरिद तर्फ रू ६० लाख
- न्यायिक समिति तर्फ रू २५ लाख प्रस्ताव गरेको छु ।

**अन्त्यमा**

१३. प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा प्रकृयामा सहयोग गर्नुहुने गाउँपालिका अध्यक्ष, कार्यपालिका सदस्य, कर्मचारी मित्रहरू लगायत अन्य प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने आम गाउँबासी बिद्‌वत बर्गहरूमा हार्दिक धन्यबाद सहितको आभार व्यक्त गर्दछु ।

१४. सम्मानित सभाका सदस्यहरूको राय, सुझाव तथा प्रतिक्रियाहरूलाइ विशेष प्राथमिकताकामा राखि गाउँपालिकाको नाममा कुनै स्रोतबाट बजेट थप हुन आउने भएमा यसै बजेटको हिस्सा मानी बाँडफाँड गर्ने प्रतिबद्दता व्यक्त गर्दै यस गरिमामय गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रम र वार्षिक बजेट समग्र गाउँपालिकाको बिकासमा महत्वपुर्ण कोशेढुङ्गा बन्नेछ भन्ने विस्वासका साथ विदा हुने अनुमती चाहन्छु, धन्यबाद नमस्कार ।।।